National News

ALL INDIA RADIO GANGTOK

***आकाशवाणी***

BROADCAST: 19:25 hrs Date: 27.03.2025

*मुख्य समाचार* :-

- **लोकसभामा अहिले आप्रवासी तथा विदेशी नागरिक विधेयक 2025 माथि र राज्यसभामा वित्त विधेयक 2025 प विनियोग विधेयक 2025 माथि चर्चा जारी**
- **सरकारद्वारा सहकारी ट्याक्सी शरू गरिने,**
- **भारत अहिले विश्वमा दोस्रो सबैभन्दा ठूलो 5 जी को बजार भएको केन्द्रीय मन्त्री अश्विनी वैश्णवको भनाई ,**
- **रक्षा मन्त्रालयद्वारा नाग मिसाङल सिस्टम, त्याङ्करोधी हतियार प्लेटफर्म र हलुका वाहनहरू किन्नका लागि अनुवन्धमा हस्ताक्षर अनि**
- **दिल्लीमा खेलो ण्डिया प्यारा गेमसको समापन समारोह जारी**

---

*LS Immigration*

लोकसभामा आप्रवासी तथा विदेशी नागरिक विधेयक 2025 माथि चर्चा भइरहेछ । यस विधेयकको उद्देश्य आप्रवासी कानूनहरूको आधुनिकीकरण गर्नु हो । यसमा पासपोर्ट, यात्रा दस्तावोज र भिजा पञ्जीकरण सम्बन्धमा केन्द्र सरकारलाई केही शक्ति प्रदान गर्ने प्रावधान छ ।कानूनहरूको बहुलता र ओवरलैपिङबाट बाँच्नका लागि यो विधेयक ल्याइएको हो ।

*RS Finance Bill*

राज्यसभामा वित्त विधेयक 2025 र विनियोग विधेयक संख्या तीन 2025 माथि बहस जारी छ । वित्त विधेयकको लक्ष्य वित्त वर्ष 2025-2026 का लागि केन्द्र सरकारका वित्तीय प्रस्तावहरूलाई स्वीकृति प्रदान गर्नु हो । वित्त मन्त्री निर्मला सीतारामनले विधेयक प्रस्तुत गर्नुभयो । लोकसभाले यसलाई पहिलेनै पारित गरिसकेको छ । बहस शुरू गर्दै काँग्रेसका पी चिदाम्बरमले भन्नुबयो देशमा खाद्य वस्तुहरूको मूल्यमा वृध्दि भइरहेछ । भारतीय जनता पार्टीका आरपीएन सिंहले भन्नुभयो पछिल्ला दशकमा राष्ट्रले कृषकहरूदेखि लिएर समाजका कमजोर वर्ग सम्म सबै क्षेत्रहरूमा प्रगति गरेको छ ।तृणमूल काँग्रेसकी सागरिका घोषले भन्नुभयो निजी उपयोगमा बहाली भएको छैन र निर्धनहरूको क्रथशक्ति घटि रहेछ । आम आदमी पार्टीका राघव चड्ढाले आरोप लगाउँदै भन्नुभयो देशमा करहरूको बोझको कारणले खपनमा कमी आइरहेछ ।

*Lok Sabha Cooperative Taxi*

केन्द्रीय गृह तथा सरकारिता मन्त्री अमित शाहले घोषणा गर्नुभए अनुसार सरकारले सहकारी त्याक्सी सेवा शुरू गर्नेछ । सरकारिताको माध्यमद्वारा सञ्चालित यस सेवाले उबर र ओलाको मोडलमा काम गर्नेछ । लोकसभामा आज एउटा बहसमा भाग लिँदै श्री शाहले भन्नुभयो यो पाइला 'सहकार से संमृध्दि' अनुरूप उठाइएको हो । उहाँले भन्नुभयो महीनामा एउटा वृहत सहकारी त्याक्सी सेवा शुरू गरिनेछ जसमा ट्याक्सी, रिक्शा अनि दुई चक्के र चार चक्के वाहनहरूको पञ्जीकरण सम्भव हुनेछ ।

यो सेवा अन्तर्गत सीधै लाभ चाल कुलाई प्राप्त हुनेछ ।

---

*Ashwini 5G Market*

इलेकट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैस्णवले भन्नुभएको छ भारत अहिले विश्वमा दोस्रो सबैभन्दा ठूलो 5 जी को बजार भएको छ । नयाँ दिल्लीमा आज एउटा कार्यक्रमलाई सम्बोधन गर्दै एउटा कार्यक्रमलाई सम्बोधन गर्दै ध्यान दिइएको कारणले विभिन्न क्षेत्रहरूमा बुनियादी परिवर्तन आइरहेछ । उहाँले भन्नुभयो विभिन्न क्षेत्रहरूमा लगभग एघार लाख करोड़को निवेश भइरहेछ । केन्द्रीय

मन्त्रीले भन्नुभयो दस वर्ष अघि देशमा इलेक्ट्रोनिक विनिर्माणमा ध्यान दिइएन तर अहिले यो क्षेत्र शीर्ष निर्यातको क्षेत्र भएको छ । श्री वैष्णवले भन्नुभयो पछिल्ला दस वर्षमा देशमा मेडिकल कालेज र भारतीय प्रौद्योगिक संस्थानहरूको संख्या दोबर भएको छ । उहाँले भन्नुभयो समग्र दक्षिण र समृध्द देश भारतको यूपीआई भूक्तान प्रणाली अप्नाउन इच्छुक देखिएका छन् । श्री वैष्णवले यो वर्ष भारतको पहिलो मेड इन इण्डिया चिप जारी गर्ने पनि घोषणा गर्नुभयो ।

*Defence Procurement*

रक्षा मन्त्रालयले आज नाग मिसाइल सिस्तमा नामिस एउटा तयाङ्क रोधी हतियार प्लेटफार्म र पाँच हजार हलुका वाहनहरू किन्नका लागि दुई हजार पाँच सय करोड रूपियाँको अनुवन्धमा हस्ताक्षर गरेको छ । मनत्रालयले एउटा बयानमा भनेको छ- नामिस र हलुका वाहनहरूको खरीदबाट स्वदेशीकरण र राष्ट्रिय रक्षा उपकरण विनिर्माण क्षमताहरूमा वृध्दि हुनेछ । यी परियाजनाहरूमा रक्षा उपकरणहरूका विनिर्माणका माध्यमद्वारा सूक्षम, लघु र मध्यम उद्यम MSME क्षेत्रलाई प्रोत्साहित गर्दै प्रत्यक्ष र परोक्ष रूपमा रोजगार सृजनका अपार सम्भावनाहरू छन् । नयाँ दिल्लीमा रक्षा सचिव राजेश कुमार सिंहको उपस्थितीमा अनुवन्धमा हस्ताक्षर गरियो ।

*Rajya Sabha Breach of Privilege*

राज्यसभाका समापति जगदीप धनखड्ले काँग्रेसकी वरिष्ठ नेता सोनिया गान्धीमाथि कथित रूपले आक्षेय लगाइएकोमा केन्द्रीय गृह मन्त्री अमित शाह विरूध्द काँग्रेसद्वारा ल्याइएको विशेषाधिकार हवन प्रसतावलाई खरिज गरिएको छ । यो प्रस्ताव सदनमा काँग्रेसका सांसद जयराम रमेशले श्री शाहको टिप्पणीमाथि ल्याउनुभएको थियो । श्री शाहले आफ्नो टिप्पणीमा भन्नुभएको छ काँग्रेस सत्तामा हुँदा प्रधानमन्त्री राष्ट्रिय राहत कोषको नियन्त्रण एउटा परिवारले गरयो । यो प्रस्तावको खण्डन गर्दै सभापतिले भन्नुभयो उहाँले यसलाई ध्यानपूर्वक पढ्नुभयो र यसमा कुनै प्रकारको विशेषाधिकार हनन छैन । उहाँले भन्नुभयो यसमा सत्यको पूर्णत पालन गरिएको छ जो श्री टिप्पणीहरूमाथि प्रस्तुत दस्तावेजबाट प्रमाणित हुन्छ । श्री धनखड्ले हतारमा प्रस्तुत गरिएको विशेषाधिकार हनन प्रस्तावमाथि दुख ब्यक्त गर्दै भन्नुभयो विशेषाधिकार हनन एउटा गम्भीर मामिला हो । उहाँले भन्नुभयो सदन मानिसहरूको प्रतिस्ठा नष्ट गर्ने मञ्च हुनेछैन । सभापतिले आचार समितिसित सदस्यहरूको आचरणका लागि नयाँ दिशानिर्देश बनाउनु भन्नुभएको छ ।

*Darjeeling MP*

दार्जीलिङका सांसद राजु विस्टले आज संसदमा सिलगढ़ीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान स्थापना गर्ने मांग उठाउनुभयो । उहाँले भन्नुभयो उत्तर बंगालका मानिसहरूलाई सेवा प्रदान गर्नका लागि सिलगढ़ीमा AIMS स्थापित गर्न अत्यन्त आवश्यक छ । श्री विस्टले भन्नुभयो यसद्वारा उत्तर बंगालका मानिसहरूलाई राहत उपलब्ध हुन मात्र तर पूर्वी बिहार, सिक्किम र आसामका मानिसहरू पन लाभान्वित हुनेछन् ।

*Bharat Tea Export*

भारतले श्रीलङ्कालाई पछि छोड़ेर विश्वको सबैभन्दा ठूलो चिया निर्चातक देश भएको छ । भारतीय चिया बोर्डद्वारा जारी आंकड़ा अनुसार देशले पछिल्लो वर्ष पच्चीस करोड़ पचास लाख किलोग्राम चिया निर्यात गरयो । केन्या शीर्ष स्थानमा छ । भारतको चिया निर्चात 2024 मा दस वर्षको उच्च स्तरमा पुग्यो र दुइ हजार तेइस सालको तुलनामा दस प्रतिशत अधिक छ । भारतका आसाम, दार्जीलिङ्ग र नीलगिरी चियालाई सबैभन्दा असल मानिन्छ । यी स्थानका कालो चियाको निर्यात स्वाधिक छ ।

---

*World Theatre Day*

आज विश्व रंगमंच हो । यो दिवस प्रत्येक वर्ष सत्ताइस मार्चमा कलाकारहरू र सांस्कृतिक आदान प्रदान  तथा मानवीय अभिवव्यक्तिमा रंगमंचको भूमिकाको सम्मानमा मनाइन्छ । यो वर्ष यसको विषय थियो रंगमंच र शान्तिको संस्कृति ।

---

*Nepal Mountaineering*

नेपालमा यो वर्ष वसन्त ऋतुमा पर्वतारोहणका लागि अनुमति दिने प्रक्रिया शुरू भएको छ । नेपालको पर्यटन विभाग अनुसार आठ पर्वतारोही समूहका अठारजना महिलाहरू र चालिस पुरूषहरूले अन्नपूर्ण- 1 लगायत कैयौं शिखरहरूमा चढ़ने अनुमत प्राप्त गरेका छन्
।

*MIAMI Open*

मियामी ओपन टेनिसमा चौथो बरीयताप्राप्त अमेरिकाकी जेसिका पेगुलाले ब्रिटेनकी एम्मा राडुकानूलाई 6-4, 6-7, 6-2 ले हराएर सेमिफाइनलमा आफ्नो स्थान बनाएकी छन्। पेगुला पछिल्ला चार वर्षमा तेस्रो पटक मियामी ओपनको सेमिफाइनलमा पुगेकी छन्।

*Rajya Sabha fishermen*

विदेश मन्त्री डा. जयशङ्करले आज राज्यसभामा प्रश्नकालको अवधिमा श्रीलङ्का जेलमा बन्द भारतीय जालहारीहरूबारे पूरक प्रश्नको उत्तरमा बताउनुभए अनुसार जम्मा सन्तानब्बेजना भारतीय जालहारीहरू श्रीलङ्काको हिरासतमा छन्, तिरासीजनाले सजाय भोगिरहेका छन् र तीनजनामाथि मुकद्दमा चलिरहेछ। डा. जयशङ्करले भन्नुभयो सरकारले प्रधानमन्त्री मत्स्य सम्पदा योजना अन्तर्गत नजानेर सीमा पार गर्ने घटनाहरूलाई कम्ती गर्नका लागि धेरै भन्दा धेरै नाउहरूमा ट्रान्पोण्डर लगाउने प्रयास गरिरहेछ।

*Khelo India Closing*

दिल्लीमा खेलो इण्डिया प्यारा गेम्सको समापन समारोह रंगारंग कार्यक्रमहरूसित आयोजन भइरहेछ। समापन समारोहमा युवा मामिला तथा खेल राज्य मन्त्री रक्षा निखिल खडसे पनि उपस्थित रहनुहुनेछ। आठ दिवसीय च्याम्पियनशीपमा धनुकाँड़ एथलेटिक्स, ब्याडमिण्टन, पावरलिफटिङ निशानाबाजी र टेबल टेनिस जस्ता छ वटा खेलहरूमा एक हजार तीन सय भन्दा अधिक खेलाड़ीहरूले भाग लिए।

*IPL Cricket*

हैदराबादमा इण्डियन प्रीमियर लीग- IPL को सातौं म्याचमा अहिले सनराजर्स हैदराबादको भीड़न्त लखनऊ सुपक जायटंससित भइरहेछ। सनराइजर्सले आफनो पहिलो म्याचमा राजस्थान रोयल्सलाई हराएको  थियो। अर्कातिर लखनऊ सुपर जायटंसले दिल्ली वयापिटल्सबाट पराजयको सामना गर्नुपरयो।

---

*Shivraj MSP*

केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले भन्नुभएको छ-केन्द्र सरकार कृषक हितैषी छ र कृषकहरूका कल्याणार्थ पर्ण समर्पणका साथ काम गरिरहेछ। उहाँले भन्नुभयो यस दिशामा कृषकहरूबाट न्यूनतम समर्थन मूल्य एमएसपी मा उत्पादहरू खरी गरिँदैछ। श्री चौहानले भन्नुभयो राज्य सरकारहरूले कृषकहरूरा उत्पादहरूको खरीद एमएसपी भन्दा कम्ती दाममा नगरिएको सुनिश्चित गर्नुपर्छ।

**प्रमुख समाचार फेरि एकपल्ट**

- **लोकसभामा अहिले आप्रवासी तथा विदेशी नागरिक विधेयक 2025 माथि र राज्यसभामा वित्त विधेयक 2025 प विनियोग विधेयक 2025 माथि चर्चा जारी**
- **सरकारद्वारा सहकारी ट्याक्सी शरू गरिने,**
- **भारत अहिले विश्वमा दोस्रो सबैभन्दा ठूलो 5 जी को बजार भएको केन्द्रीय मन्त्री अश्विनी वैशणवको भनाई ,**
- **रक्षा मन्त्रालयद्वारा नाग मिसाइल सिस्टम, त्याङ्करोधी हतियार प्लेटफर्म र हलुका वाहनहरू किन्नका लागि अनुवन्धमा हस्ताक्षर अनि**
- **दिल्लीमा खेलो ण्डिया प्यारा गेमसको समापन समारोह जारी**